# स्थानीय राजपत्र

कालिगण्डकी गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

वर्ष ४ संख्या ८ २०७७ चैत २५ गते

## भाग ३

### कालिगण्डकी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**पूर्तिघाट, गुल्मी**
**लुम्बिनी, प्रदेश**

# कालिगण्डकी गाउँपालिकाको

## लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधी, २०७७

सम्वत् २०७७ सालको कानुन नं. ८ स्वीकृत मिति २०७७/१२/१९

## लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कालिगण्डकी गाउँपालिका
## लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

**प्रस्तावना** : कालिगण्डकी गाउँपालिका भित्रका लैङ्गिक हिंसा पीडित वा प्रभावितहरुको उद्धार, राहत एवम् पुर्नस्थापना कार्यका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्न वाञ्छनीय देखिएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने), ऐन, २०७० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कालिगण्डकी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम 'लैंङ्गिक हिंसा निवारण कोषसञ्चालन कार्यविधि, २०७७' रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**(२) परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'गाउँपालिका' भन्नाले कालिगण्डकी गाउँपालिका गुल्मी सम्झनुपर्छ ।

(ख) 'कोष' भन्नाले नियम (३) बमोजिमको लैंगिक हिंसा निवारण कोष सम्झनुपर्छ ।

(ग) 'पीडित' भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(घ) 'सञ्चालक समिति' भन्नाले नियम (८) बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनुपर्छ ।

(ङ)'लैंगिक हिंसा' भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्छ ।

### परिच्छेद-२
### कोषको स्थापना र प्रयोग

**(३) कोषको स्थापना** : (१) गाउँपालिका क्षेत्रभित्र लैङ्गक हिंसा पीडित वा उद्धार, राहत एवम् पुर्नस्थापना गर्ने कार्यका लागि लैंङ्गिक हिंसा निवारण कोष स्थापना गरिने छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

(क) गाउँसभाबाट विनियोजित प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ सस्था वा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (२) बमोजिमको प्राप्त भएको रकम लैङ्गिक हिंसा निवारण कोषको नाममा छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

**(४) कोषको उपयोग** :(१) कोषको रकम देहायको कामको लागिहिंसा पीडित एवम् प्रभावितहरुलाई उपलब्ध गराउन उपयोग गरिनेछ:

क) तत्काल उद्धार गर्न ।

ख) औषधि उपचार गर्न ।

ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउँन ।

घ) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्ष प्रदान गर्न,

ङ)कुनै व्यवसाय गर्नको लागि बिउ सिड पूजी को रुपमा प्रदान गर्न ।

च) पुर्नस्थापना गराउन ।

छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोरकिशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागूपदार्थ दुर्व्यसनमा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

(५) कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:(१) कोषको रकम नियम (४) मा लेखिए बाहेकका अन्य कार्यमा उपयोग गर्न सकिने छैन् ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

## परिच्छेद ३
## समितिको गठन, काम, कर्तव्य र अधिकार

**(६) तत्काल उद्धार तथा राहत समितिको** : (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि सञ्चालक समिति रहनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष - अध्यक्ष

(ख) 'प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) 'स्थानीय प्रहरी प्रमुख - सदस्य

(घ) 'कार्यपालिका सदस्य दलित महिला समेत महिला २ जना - सदस्य

(ङ) 'लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत स्थानीय तहमा गैर संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना - सदस्य

(च) 'महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

(३) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकतानुसार बस्नेछ ।

(४) संयोजकले आवश्यक ठानेमा कार्यपालिका सदस्य, सम्बन्धित क्षेत्रका विज्ञ एवम् कर्मचारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिका सदस्यहरुले बैठकमा भाग लिए वापत नियमानुसार बैठक भत्ता पाउनेछन् ।

(६) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) सञ्चालन समितिको काम, कर्तव्य र अधिकार: सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा संघ, प्रदेश र गाउँपालिकाबाट स्वीकृत नीति योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने ।

ख) पीडितलाई तत्काल उद्धार तथा राहत रआर्थिक सहयोग उपलब्ध गराउने ।

ग) कोषको सदुयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने ।

घ) गाउँपालिका भित्र लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने

ङ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाउने ।

च) कोषको दिगोपनाका लागि आर्थिक स्रोत जुटाउन संघ, प्रदेश सरकार, अन्य दातृ निकाय एवम् संघ-संस्थासँग

समन्वय गर्ने ।

छ) लैङ्गिक हिंसा निवारणसम्वन्धी अन्य कार्य गराउँने ।

## परिच्छेद-४

## कोष सञ्चालन प्रक्रिया

**(८) राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँने रकमको हद र आधार** : (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा देहायको रकम नबढ्ने गरी उपलब्ध गराईनेछ ।

क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी यात्रा गर्दा लाग्ने भाँडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैया र वास बस्नुपर्ने भए सो वापत प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा तीन हजार पाँच सय रुपैयाँ

ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा, अस्पताल आउँदाजाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाँडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च बापत प्रतिदिन पाँच सय रुपैया र उपचार खर्च समेत गरी बढीमा छ हजार रुपैया नबढने गरी लागेको यथार्थ खर्च र पीडितसँग आश्रित बालबच्चा भए त्यस्ता बालबच्चाका लागि सोहि दरमा खाना खर्च,

ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

घ) कुनै व्यवसाय गर्नको लागि बीउ पुँजीको रुपमा तथा बस्तुगत तथा  नगद अनुदान समेत गरी बढीमा दश हजार रुपैया,

ङ) पुर्नस्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि प्रकृति हेरी बढीमा पाँच हजार रुपैयाँ, (२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाणसहित कुनै पीडितले कालिगण्डकी गाउँकार्यापालिकामा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा सञ्चालक समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ ।

**(९) राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने** : (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई समितिमा अनुसूची १ बमोजिमको दाँचामा  निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा सञ्चालक समितिको नियम (८) को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ ।

**(१०) तत्काल रकाम उपलब्ध गराउँन सक्ने** : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालन समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा समितिको अध्यक्षले आवश्यकता र औचित्यका आधारमा मनासिव रकम कोषबाट पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था आईसमितिको अध्यक्षले  पीडितलाई रकम उपलब्ध गराईएको भए त्यसपछि लगत्तै बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**(११) छुट्टै खाता खोल्नुपर्ने** : (१) गाउँपालिकाबाट प्राप्त भएको रकम कुमारी बैंकमा छुट्टै खाता खोलि जम्मा

गर्नुपर्नेछ ।

## परिच्छेद-५

## विविध

(१२) कोषको लेखा र लेखा परीक्षण:(१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिने छ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षक र अन्तिम लेखापरीक्षण महालेखा परीक्षणबाट हुने छ ।

**(१३) आवर्ति वा (रिभल्भीङ) कोष** : यो कोष आवर्ति (रिभल्भीड) कोषको रुपमा रहने छ ।

**(१४) प्रतिवेदन पेश गर्ने** : (१) तत्काल उद्धार तथा राहत समितिले सो समितिबाट भए गरेका काम कार्वाहीको प्रतिवेदन चौमासिक रुपमा कार्यापालिकामा पेश गर्नुपर्ने छ ।

(२) कार्यालयले बार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

**(१५) निर्देशन दिनसक्ने** : (१) कार्यापालिकाले समितिको काम कार्वाहीको सम्बन्धमा आवश्यक निर्देशन दिनसक्नेछ ।

## अनुसूची १

**(दफा ९ को उफदफा (१) सँग सम्बन्धित)**

मिति:

विषय: सहयोग उपलब्ध गराई पाउँ ।

श्रीमान् अध्यक्ष ज्यू,

तत्काल उद्धार तथा राहत समिति

कालिगण्डकी गाउँपालिका, गुल्मी ।

म कालिगण्डकी गाउँपालिका वडा नं. …….. बस्ने वर्ष…….. को ………………………….मिति…….. …………………….मा/देखि लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहे को छ । म उपर लैङ्गिक हिंसा भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार/कानुनी सहायता एवं परामर्श/उद्धार/मनोविमर्श/ स्वरो जगार/पुर्नस्थापना/अन्य कामको लागि सहयोगको आवश्यकता परेको हुँदा लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराइदिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदक

नामथर ……..

**प्रमाणित गर्नेः**

**वेद बहादुर थापा**

**अध्यक्ष**

**कालिगण्डकी गाउँपालिका गुल्मी**

**प्रमाणिकरण मितिः २०७७/१२/१९**

**आज्ञालेः**

**बाबुराम पल्ली**

**प्रमुख प्रशासकीय अधिकृत**

**कालिगण्डकी गाउँपालिका, गुल्मी कार्यविधी, २०७७**